# शान्ति र सुरक्षा कायम गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को समिक्षात्मक अध्ययन

## १. पृष्ठभूमि

नेपाल सरकारले मिति २०७५ साल माघ १४ गते सरकारी विधेयकको रुपमा  शान्ति र सुरक्षा कायम गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रतिनिधि सभामा प्रस्तुत गरेको छ । प्रतिनिधि सभाको वेव साईटका अनुसार यो वियेधक हाल सभासदहरुलाई वितरण गरिएको छ ।[1] विधेयक दर्ता भएपछि यसका बारेमा विभिन्न पक्षहरुबाट टिप्पणीहरु भएका छन् । त्यस्ता टिप्पणीहरु मुख्य गरी संघीयता कार्यान्वयनमा तिनै तहका सरकारको अधिकार बाँडफाँट, मानव अधिकारको संरक्षण आदि विषयसँग सम्बन्धित् छन् । त्यसैले यस समिक्षात्मक अध्ययनमा **शान्ति र सुरक्षा कायम गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** को समिक्षा गरी सुझावहरु प्रस्तुत गरिएको छ ।

## २. अध्ययन विधि

हाल प्रतिनिधि सभामा विचारधीन यस विधेयकको समिक्षा मुलतः विवरणात्मक र तुलनात्मक अध्ययन पद्धतिवाट गरिएको छ । अध्ययन

[1] श्रोत : https://hr.parliament.gov.np/np, (२०७६ साल चैत्र २५ गते लग इन गरिएको)

गर्दा सञ्चार माध्यममा सार्वजनिक भएका समाचार, विज्ञका राय, विभिन्न निकायका प्रतिवेदन, अन्तर्राष्ट्रिय कानूनलाई समेत आधार मानिएको छ ।

**३. विधेयकको संरचना**

विधेयकमा प्रस्तावना, ८ परिच्छेद र २८ दफाहरु रहेका छन् । हरेक परिच्छेद अन्तर्गत रहेका दफावार प्रावधानहरु यस प्रकार रहेका छन् :–

**(क) परिच्छेद-१ : प्रारम्भिक अन्तर्गत**

- दफा १ : संक्षिप्त नाम र प्रारम्भ
- दफा २ : परिभाषा

**(ख) परिच्छेद-२ : प्रदेश तथा जिल्ला विभाजन अन्तर्गत्**

- दफा ३ : प्रदेश तथा जिल्ला विभाजन
- दफा ४: जिल्लाको सिमाना तथा सदरमुकाम

**(ग) परिच्छेद-३ : राष्ट्रिय, प्रदेश तथा जिल्ला सुरक्षा समिति अन्तर्गत्**

- दफा ५ : राष्ट्रिय सुरक्षा समिति
- दफा ६ : राष्ट्रिय सुरक्षा समितिको काम, कर्तव्य र अधिकार
- दफा ७ : प्रदेश सुरक्षा समिति
- दफा ८ : प्रदेश सुरक्षा समितिको काम, कर्तव्य र अधिकार
- दफा ९ : जिल्ला सुरक्षा समिति
- दफा १० : जिल्ला सुरक्षा समितिको काम, कर्तव्य र अधिकार

**(घ) परिच्छेद-४ : प्रमुख जिल्ला अधिकारी सम्बन्धी व्यवस्था अन्तर्गत**

- दफा ११ : प्रमुख जिल्ला अधिकारी

- दफा १२ : जिल्ला प्रशासन कार्यालय तथा कर्मचारी

**(ङ) परिच्छेद-५ : शान्ति र सुरक्षा सम्बन्धि व्यवस्था अन्तर्गत**

- दफा १३ : शान्ति सुरक्षा कायम गर्ने
- दफा १४. शान्ति सुरक्षा कायम गर्न बल प्रयोग गर्न सक्ने
- दफा १५ : एक भन्दा बढी जिल्लाको अशान्ति रोक्न सुरक्षा निकाय परिचालन गर्ने
- दफा १६. निषेधाज्ञा जारी गर्न सक्ने
- दफा १७ : कर्फ्यू लगाउन सक्ने
- दफा १८. दंगाग्रस्त क्षेत्र घोषणा गर्न सक्ने
- दफा १९. प्रदेश प्रहरी परिचालन सम्बन्धी व्यवस्था

**(च) परिच्छेद-६ : प्रमुख जिल्ला अधिकारीको अन्य काम, कर्तव्य र अधिकार अन्तर्गत**

- दफा २० : सार्वजनिक सम्पत्तिको रेखदेख, संरक्षण र अनुगमन गर्ने
- दफा २१ : नेपाल प्रहरी तथा प्रदेश प्रहरीको काम, कारबाहीको निगरानी गर्ने
- दफा २२ : अन्य काम, कर्तव्य र अधिकार

**(छ) परिच्छेद-७ : मुद्दाको अनुसन्धान, दायरी तथा पुनरावेदन अन्तर्गत**

- दफा २३ : नेपाल सरकार वादी हुने
- दफा २४: मुद्दाको अनुसन्धान र दायरी
- दफा २५ पुनरावेदन

**(ज) परिच्छेद-८ : विविध अन्तर्गत**

- दफा २६ : प्रतिकूल असर नपर्ने
- दफा २७ : अधिकार प्रत्यायोजन
- दफा २७ : नियम बनाउने अधिकार[२]
- दफा २८ : खारेजी र बचाउ

## ४. मुख्य मुख्य प्रावधानहरु

मुलुकमा शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम राख्नको लागि सङ्घीय शासन व्यवस्था अनुकूल हुने गरी हाल प्रचलनमा रहेको स्थानीय प्रशासन ऐन, २०२८ लाई खारेज गर्ने गरी ल्याइएको शान्ति र सुरक्षा कायम गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका मुख्य प्रावधानहरु यस प्रकार रहेका छन् :-

(क) नेपाल सरकारको गृहमन्त्रीको अध्यक्षतामा राष्ट्रिय सुरक्षा समिति रहने व्यवस्था रहेको,

(ख) राष्ट्रिय सुरक्षा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत,-

- मुलुकको शान्ति र सुरक्षा व्यवस्थापन सम्बन्धी विषयहरुमा नीतिगत मार्गदर्शन गर्ने,
- मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता तथा हकहित प्रतिकूल हुने कार्य, हिंसात्मक, पृथकतावादी वा आतंककारी गतिविधि वा विपद्का कारण मुलुकको शान्ति सुरक्षामा गम्भीर सङ्कट उत्पन्न हुन सक्ने वा सुरक्षा चूनौति बढ्न सक्ने अवस्थामा सोको नियन्त्रणका लागि प्रदेश तथा जिल्ला सुरक्षा समितिलाई सूचना आदान प्रदान गर्ने तथा आवश्यक निर्देशन दिने आदि ।

(ग) प्रदेशको आन्तरिक मामिला सम्बन्धि विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश सुरक्षा समिति रहने । प्रदेश सुरक्षा समितिको बैठकमा आवश्यकता अनुसार राष्ट्रिय सुरक्षा

---

[२] विधेयकमा दफा २७ दुईपटक उल्लेख भई आनुसांगिक त्रुटी भएको छ ।

निकायका प्रदेश स्थित प्रमुख, सम्बन्धित अधिकारी एवं विषय विज्ञलाई आमन्त्रण गर्न सकिने व्यवस्था रहेको । तर प्रदेशमा संघीय शासन कायम रहको अवस्थामा गृह मन्त्रालयले प्रदेश सुरक्षा समितिको कार्य गर्ने ।

(घ) प्रदेश सुरक्षा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत्,-

- प्रचलित कानून बमोजिम प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्ने, राख्न लगाउने,
- प्रदेशको आन्तरिक सुरक्षा व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम प्रदेश प्रहरीको परिचालन गर्ने र नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको मद्दत लिनु पर्ने भएमा मन्त्रालय समक्ष अनुरोध गर्ने,
- प्रदेशभित्रको शान्ति सुरक्षा सम्बन्धी वस्तुस्थितिको यथार्थ जानकारी नियमित रुपमा मन्त्रालय तथा मुख्यमन्त्रीलाई उपलब्ध गराउने,
- सीमावर्ती क्षेत्रमा हुने आपराधिक क्रियाकलापको रोकथाम तथा नियन्त्रण गर्न प्रदेश तथा जिल्लाको प्रशासनिक प्रभावकारिता बढाउन आवश्यक व्यवस्था मिलाउने,
- असामान्य वा परिस्थितिजन्य सुरक्षा चुनौतीको विश्लेषण गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउने र सो को बारेमा तत्कालै मन्त्रालयलाई जानकारी गराउने,
- हिंसात्मक, पृथकतावादी, आतङ्ककारी वा राष्ट्र विरोधी गतिविधि वा विपद्का कारण प्रदेशको आन्तरिक सुरक्षामा गम्भीर सङ्कट उत्पन्न हुन सक्ने वा सुरक्षा

चुनौती थपिन सक्ने अवस्थामा सोको नियन्त्रणका लागि मन्त्रालय समक्ष अनुरोध गर्ने,

- राष्ट्रिय एकता अभिवृद्धि गरी नागरिकबीच मेलमिलाप र आपसी सद्भाव कायम गर्ने,
- नेपाल सरकार, राष्ट्रिय सुरक्षा समिति, मन्त्रालय र सम्बन्धित् प्रदेश सरकारले समय समयमा दिएका आदेश तथा निर्देशन बमोजिमको कार्य गर्ने, गराउने

(ङ) प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला सुरक्षा समिति रहेको,
(च) जिल्ला सुरक्षा समितिको मुख्य काम कर्तव्य र अधिकार निम्न बमोजिम रहेको,-

- जिल्लाको समग्र शान्ति सुरक्षाको सूचना संकलन तथा विश्लेषण गर्ने,
- जिल्लाको शान्ति सुरक्षा व्यवस्थापन गर्न सुरक्षा रणनीति तयार गरी कार्यान्वयन गर्ने, गराउने,
- जिल्लामा शान्ति सुरक्षा कायम गर्न सुरक्षा निकायको परिचालन एवं समन्वय गर्ने,
- नेपाल सरकार, मन्त्रालय, राष्ट्रिय सुरक्षा समितिको नीति, निर्देशन र नियन्त्रणमा रही प्रदेश सुरक्षा समितिले समय समयमा दिएका निर्देशन कार्यान्वयन गर्ने,
- शान्ति सुरक्षा सम्बन्धि सूचना तथा त्यस सम्बन्धमा भए गरेका निर्णय एवं कामकारवाहीहरुको जानकारी मन्त्रालय, राष्ट्रिय सुरक्षा समिति र प्रदेश सुरक्षा समितिलाई दिने आदि ।

(छ) नेपाल सरकारले प्रत्येक जिल्लामा सङ्घीय निजामती सेवाबाट प्रमुख जिल्ला अधिकारी खटाउने, नेपाल सरकारको प्रतिनिधिको रुपमा जिल्लाको प्रमुख प्रशासकीय अधिकारी भई काम गर्ने , नेपाल सरकारको नीति, निर्देशन तथा नियन्त्रणमा रही कार्य सम्पादन गर्ने, जिल्ला भित्रको शान्ति सुरक्षाको मामिलामा प्रदेश सरकारको समन्वयमा रही कार्य गर्ने ।

(ज) अदालत र रक्षा सम्बन्धी कार्यालय बाहेक जिल्लास्थित सुरक्षा निकाय तथा अन्य कार्यालयहरु प्रमुख जिल्ला अधिकारीको सामान्य रेखदेख र समन्वयमा रहने, विशेष अवस्थामा[३] प्रदेश निजामती सेवाका कर्मचारीलाई र स्थानीय सेवाका कर्मचारीलाई समेत कामकाजमा लगाउन सकिने ।

(झ) शान्ति सुरक्षा कायम गर्ने अधिकार अन्तर्गत प्रमुख जिल्ला अधिकारीले,-

- जिल्लाको शान्ति, सुरक्षा र सुव्यवस्थाको प्रबन्ध मिलाउने,
- प्रचलित मेला, जात्रा, पर्व तथा सामुहिक भेला हुने कार्यक्रममा सुरक्षाको प्रबन्ध मिलाउने र त्यस्ता कार्यक्रमबाट शान्ति सुरक्षामा असर पर्ने भएमा प्रमुख जिल्ला अधिकारीले त्यस्ता कार्यक्रम सञ्चालनमा रोक लगाउन सक्ने,
- प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड विपरित कसैले ध्वनी प्रदुषण हुने गरी लाउड स्पिकर, साउण्ड सिस्टम लगायतका विद्युतीय सामग्री प्रयोग गरी अन्य व्यक्तिलाई असर पर्ने कार्य गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो कार्य तत्काल रोक्न लगाई प्रयोग भएका सामाग्री जफत गर्न वा दश हजार रुपैयाँसम्म जरिबाना गर्न वा दुवै सजाय गर्न सक्ने,
- मानसिक सन्तुलन गुमाएको व्यक्तिलाई नियन्त्रणमा नराख्दा निजको सुरक्षा वा सार्वजनिक शान्ति सुरक्षामा खतरा उत्पन्न हुने भएमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई नियन्त्रणमा लिई आवश्यकता अनुसार उपचारका लागि नजिकको स्वास्थ्य संस्थामा वा पुनर्स्थापना केन्द्रमा पठाउन सक्ने,

---

[३] 'विशेष अवस्था' भन्नाले निर्वाचन, विपद् वा राष्ट्रिय महत्व वा सरोकारका अवस्थालाई जनाउने ।

- कुनै जनावरले हिंस्रक रुप लिई आफ्नो जिल्लाभित्रको कुनै ठाउँमा दुःख दिएको जानकारी हुन आएमा जिल्लाको वन सम्बन्धी विषय हेर्ने कार्यालयलाई त्यस्तो जनावरलाई नियन्त्रणमा लिन वा अन्य आवश्यक कारबाही गर्न लगाउन सक्ने ।

(ञ) शान्ति सुरक्षा कायम गर्न बल प्रयोग गर्न सक्ने अधिकार अन्तर्गत प्रमुख जिल्ला अधिकारीले,-

- प्रचलित मेला, जात्रा, पर्व, कुनै सभा वा जुलुसको भीडले हिंसात्मक वा ध्वंसात्मक प्रवृत्ति लिई शान्ति भंग हुने सम्भावना देखिएमा तत्काल प्रदेश प्रहरी खटाई उक्त कार्य रोक्ने र प्रदेश प्रहरीले मात्र रोक्न वा नियन्त्रण गर्न नसकेकोमा तत्कालै नेपाल प्रहरीलाई परिचालन गर्ने,
- सुरक्षाकर्मी परिचालन गर्दा समेत स्थिति नियन्त्रणमा नआएमा सुरक्षाकर्मीको मद्दतले पानीको फोहरा, लाठी चार्ज, अश्रुग्याँस, हवाई फायर वा आवश्यकता र परिस्थिति अनुसार जो गर्नु पर्ने बल प्रयोग गरी शान्ति कायम गर्ने,
- त्यति गर्दा पनि शान्ति कायम गर्न नसकिने देखिएमा र गोली चलाउनु पर्ने आवश्यकता परेमा प्रमुख जिल्ला अधिकारीले सो गर्नु भन्दा अगाडि भीडलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग सो भीडले बुझ्ने गरी चेतावनी दिन लगाउने र त्यति गर्दा पनि भीड हटेन र गोली चलाउनु पर्ने नै भयो भने मात्र घुँडा मुनि गोली चलाउनको निमित्त आदेश लेखी सही गरीदिनु पर्ने ।

(ट) प्रदेश भित्रको दुई वा दुई भन्दा बढी जिल्लाहरुमा गम्भीर अशान्ति भएको वा हुने सम्भावना भएको जानकारी पाउना साथ मन्त्रालयले प्रभावित जिल्लाहरुमा आवश्यकता अनुसार सुरक्षा निकाय परिचालन गर्न प्रमुख जिल्ला अधिकारीलाइ निर्देशन दिने ।

(ठ) कुनै प्रदेशमा गम्भीर अशान्ति भएको वा हुने सम्भावना देखिएको र सो ठाउँमा अशान्ति रोक्न अर्को प्रदेशको प्रहरीको सहयोग समेत आवश्यक पर्ने भएमा मन्त्रालयले आवश्यकता अनुसार प्रचलित कानून बमोजिम अन्य प्रदेशको प्रदेश प्रहरी समेत परिचालन गर्ने व्यवस्था मिलाउने ।

(ड) प्रमुख जिल्ला अधिकारीले,-

- कर्फ्यू लगाउन सक्ने,
- कर्फ्यू आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई सुरक्षाकर्मीले गिरफ्तार गरी तुरुन्त प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नु पर्ने, त्यसरी गिरफ्तार गरिएका व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले तीन महिनासम्म कैद वा दश हजार रुपैयासम्म जरिबाना वा दुवै सजाय गर्न सक्ने
- कर्फ्यू आदेश दिंदा प्रमुख जिल्ला अधिकारीले कर्फ्यूको स्थितिलाई नियन्त्रणमा राख्न कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई गोली चलाउन सक्ने गरी सो स्थानमा खटिएको सुरक्षाकर्मीलाई आदेश दिन सक्ने,
- कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाइ गोली चलाउनु पर्ने स्थिति सृजना भएकोमा गोली चलाउनु अगाडि सुरक्षाकर्मीले परिस्थिति अनुसार लाठी चार्ज, अश्रुग्यास, फोहरा वा हवाई फायर गर्नु पर्ने र त्यति गर्दा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमात हटेन भने त्यस्तो व्यक्ति वा जमातलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग बुझिने गरी चेतावनी दिनु पर्ने, त्यसरी चेतावनी दिँदा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमात हटेन भने सुरक्षाकर्मीले गोली चलाउन सक्ने,
- हिंसात्मक प्रवृत्ति देखाई कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई देख्नेवित्तिकै गोली हान्न प्रमुख जिल्ला अधिकारीले आदेश दिन सक्ने,

(ढ) प्रमुख जिल्ला अधिकारीले दंगाग्रस्त क्षेत्र घोषणा गरी शान्ति सुरक्षा कायम राख्न विभिन्न उपाय अवलम्वन गर्न सक्ने ।

(ण) प्रदेश प्रहरी परिचालन गर्ने सिलसिलामा प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयसँग समन्वय गर्नु पर्ने र नेपाल प्रहरी र प्रदेश प्रहरीलाई संयुक्त रुपमा परिचालन गरिएकोमा प्रदेश प्रहरीले नेपाल प्रहरीको प्रत्यक्ष नियन्त्रणमा रही काम गर्नु पर्ने ।

(त) प्रमुख जिल्ला अधिकारीका अन्य अधिकारहरु, जस्तै,-

- प्रदेश प्रहरीका इकाईहरुको रेखदेख अनुगमन गर्ने,
- जिल्लाभित्र सञ्चालन भई रहेका र हुने विकास कार्यहरुको समन्वय, सहयोग र सहजीकरण गर्ने,
- अन्तर्राष्ट्रिय सीमा सम्बन्धी समकक्षी बैठक र सीमाको नियमित निरीक्षण तथा अनुगमन गर्ने,
- जिल्ला भित्रका कार्यालयहरुबाट प्रवाह हुने सार्वजनिक सेवाको निरीक्षण तथा अनुगमन गर्ने,
- सार्वजनिक सेवा प्रवाह तथा सामाजिक पीरमर्काहरु सम्बन्धी गुनासो तथा उजुरीको सुनुवाइ गर्ने,
- सार्वजनिक असुविधाका विषयहरु सम्बन्धी उजुरीहरुको सुनुवाइ गर्ने,
- नेपाल सरकार, मन्त्रालय तथा प्रदेशको आन्तरिक मामिला सम्बन्धी हेर्ने मन्त्रालयले शान्ति सुव्यवस्था कायम गर्ने सम्बन्धमा समय समयमा दिएका निर्देशन अनुसार काम कारबाही गर्ने आदि ।

(थ) ऐन अन्तर्गत्का मुद्दा नेपाल सरकार वादी भई चल्ने, मुद्दाको अनुसन्धान नेपाल प्रहरीले गर्ने, सम्बन्धित सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय भएमा प्रमुख जिल्ला अधिकारी समक्ष मुद्दा दायर गरिने, मुद्दामा संक्षिप्त कार्यविधि अपनाइने, मुद्दामा प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिने ।

(द) यस ऐनमा □□ेखिएको कुनै कुराले नेपालको संविधानको धारा २६६[४] तथा २६७[५] बमोजिम हुने विषयमा प्रतिकूल असर परेको नमानिने ।

## ५. विश्लेषण

यस विधेयकलाई विश्लेषण गर्दा मूलतः निम्न पक्षहरुबाट गर्नु पर्ने देखिन्छ :-

(१) संघीयता र अधिकार बाँडफाँट

(२) अन्य कानूनहरुसँग सामन्जस्यता

(३) मानव अधिकारका सवाल

## ५.१ संघीयता र अधिकार बाँडफाँट

नेपालको संविधानले संघीय शासन प्रणालीलाई अवलम्बन गरी संघीयता कार्यान्वयनका लागि संघ (केन्द्र), प्रदेश र स्थानीय तहका (तीन तह) अधिकारहरु निर्धारण गरेको छ । शान्ति सुरक्षाका सम्बन्धमा संविधानमा तीन तहका अधिकारहरुको बाँडफाँट यसरी गरिएको पाइन्छ :-

### (क) संघको अधिकार

- रक्षा र सेना सम्बन्धी : (क) राष्ट्रिय एकता र भौगोलिक अखण्डताको संरक्षण (ख) राष्ट्रिय सुरक्षा सम्बन्धी

---

[४] राष्ट्रिय सुरक्षा परिषद सम्बन्धी व्यवस्था

[५] नेपाली सेना सम्बन्धी व्यवस्था

- केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान, शान्ति सुरक्षा

## (ख) प्रदेशको अधिकार

- प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा ।

  नेपाल सरकारले पारीत गरेको कार्य विस्तृतीकरण प्रतिवेदनमा यसलाई थप विस्तृत गरिएको छ । सो प्रतिवेदनमा उल्लेख भए अनुसार प्रहरी प्रशासन र शान्ति सुरक्षाका सम्बन्धमा प्रदेशले निम्न बमोजिम अधिकार प्रयोग गर्नेछ :-[६]

- प्रदेश भित्रको शान्ति सुरक्षाको व्यवस्थापन, कानून कार्यान्वयनमा सहयोग, आवश्यकता अनुसार प्रहरी परिचालन, केन्द्रिय प्रहरी र अन्य सुरक्षा निकायलाई लोकमार्ग लगायत अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,
- प्रदेशका लागि शान्ति सुरक्षा र सार्वजनिक सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- प्रदेशभरको शान्ति सुरक्षाको समग्र स्थितिको लेखाजोखा, रेखदेख, नियन्त्रण, मूल्यांकन र आवश्यक सुरक्षा उपायहरु अवलम्बन तथा आवधिक प्रतिवेदन,
- प्रदेशभित्रको सार्वजनिक सुव्यवस्था र प्रदेशको काबु बाहिरको शान्ति सुव्यवस्था सम्बन्धमा संघसँग समन्वय र सहकार्य आदि ।

---

[६] श्रोत : "□□□□□□□ □□□□□□□□□ □□□□□□□ □,□,□,□ □ □" □□ □□□□□□□□ □□□, □□□□□□ □ □□□□□□□ □□□□ □□□□□□□□□□□ □□□□□□□□□□□□□□□□ □□□□□□□□ □□□□□ □□□□□ □□.□. □□□ □□□□□□□ □□□□□□□□□□", https://www.opmcm.gov.np/federalism-admin/, मिति २०७६ साल चैत्र २७ गते लग इन गरिएको ।

**(ग) संघ र प्रदेशको साझा अधिकार**

- देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था

**(घ) स्थानीय तहको अधिकार :** शान्ति सुरक्षाका सम्बन्धमा उल्लेख नभएको ।

**(ङ) संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार :** शान्ति सुरक्षाका सम्बन्धमा उल्लेख नभएको ।

**टिप्पणी**

- नेपाल सरकार मन्त्री पपिरषदले प्रदेश भित्रको शान्ति सुरक्षाको व्यवस्थापनका लागि आवश्यकता अनुसार प्रहरी परिचालन गर्ने र प्रदेशभरको शान्ति सुरक्षाको समग्र स्थितिको लेखाजोखा गरी आवश्यक सुरक्षा उपायहरु अवलम्बन गर्ने अधिकार प्रदेशलाई दिइएको भएपनि विधेयकमा व्यवस्था गरिएको प्रदेश सुरक्षा समितिको काम, कर्तव्य र अधिकारमा अन्तर्गत सो विषय स्पष्ट किटानीका साथ उल्लेख नभएको कारण प्रदेशले यो अधिकार कार्यान्वयन गर्न सक्ने अवस्था देखिदैन ।

- प्रदेश सुरक्षा समितिलाई प्रचलित कानून बमोजिम प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्ने, राख्न लगाउने, प्रदेशको आन्तरिक सुरक्षा व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम प्रदेश प्रहरीको परिचालन गर्ने अधिकार त छ तर नेपाल प्रहरी र सशस्त्र प्रहरीको मद्दत लिनु पर्ने भएमा भने गृह मन्त्रालय समक्ष अनुरोध गर्नु पर्ने व्यवस्थाले प्रदेशको अधिकार संकुचित बनाएको छ ।

- राष्ट्रिय सुरक्षा समितिमा प्रदेशका आन्तरिक मामिला मन्त्री (गृह प्रशासन हेर्ने) लाई राखिएको छैन ।
- प्रदेश सुरक्षा समितिमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागको प्रतिनिधित्व छैन । यद्यपी प्रदेश सुरक्षा समितिको बैठकमा आवश्यकता अनुसार राष्ट्रिय सुरक्षा निकायका प्रदेश स्थित प्रमुख, सम्बन्धित अधिकारी एवं विषय विज्ञलाई आमन्त्रण गर्न सकिने व्यवस्था रहेको छ ।
- असामान्य वा परिस्थितिजन्य सुरक्षा चुनौतीको विश्लेषण गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउने र सो को बारेमा तत्कालै मन्त्रालयलाई जानकारी गराउने व्यवस्था छ तर आवश्यक सुरक्षा व्यवस्था मिलाउन राष्ट्रिय सुरक्षा निकायको परिचालन गर्ने अधिकार स्पष्ट खुलाईएको छैन ।
- हिंसात्मक पृथकतावादी, आतङ्ककारी वा राष्ट्र विरोधी गतिविधि वा विपद्का कारण प्रदेशको आन्तरिक सुरक्षामा गम्भीर सङ्कट उत्पन्न हुन सक्ने वा सुरक्षा चुनौती थपिन सक्ने अवस्थामा सोको नियन्त्रणका लागि मन्त्रालय समक्ष अनुरोध गर्ने व्यवस्था रहेकोमा विपद्का कारण गम्भीर सङ्कट उत्पन्न हुँदा समेत मन्त्रालयलाई अनरोध गर्ने कि आफैंले आवश्यक कारवाहीका उपाय अवलम्वन गर्ने ? कोरोना महामारीबाट उत्पन्न भएको विपदबाट भएका अनुभवलाई पनि ध्यान दिइनु पर्दछ ।
- जिल्ला सुरक्षा समितिले नेपाल सरकार, मन्त्रालय, राष्ट्रिय सुरक्षा समितिको नीति, निर्देशन र नियन्त्रणमा रही प्रदेश सुरक्षा समितिले समय समयमा दिएका निर्देशन कार्यान्वयन गर्ने व्यवस्था छ । कानूनले स्पष्ट तोकिएको हदसम्म प्रदेश सरकारको नियन्त्रण र निर्देशन नहुने हो भने संघियताको के अर्थ रहन्छ ?

- नेपाल सरकारले प्रत्येक जिल्लामा सङ्घीय निजामती सेवाबाट प्रमुख जिल्ला अधिकारी खटाउने, नेपाल सरकारको प्रतिनिधिको रुपमा जिल्लाको प्रमुख प्रशासकीय अधिकारी भई काम गर्ने , नेपाल सरकारको नीति, निर्देशन तथा नियन्त्रणमा रही कार्य सम्पादन गर्ने, जिल्ला भित्रको शान्ति सुरक्षाको मामिलामा प्रदेश सरकारको समन्वयमा रही काम गर्ने व्यवस्थाले प्रदेशलाई नाम मात्रको सरकारको परिकल्पना गरिएको छ । संघीय निजामति कर्मचारीको जवाफदेहीता संघ प्रति नै हुन्छ । प्रजिअले नेपाल सरकारको निर्देशन र नियन्त्रणमा रही काम गर्ने व्यवस्था राख्ने हो भने प्रदेश सरकारले शान्ति सुरक्षाको मामिलामा आवश्यक निर्णय लिन सक्दैन । प्रदेशले समन्वय मात्र गर्ने व्यवस्था राख्नु भनेको अधिकारविहीन प्रदेश बनाउन खोज्नु हो । प्रजिअ सम्बन्धी केन्द्रिकृत ढाँचाबाट प्रस्तावित यो व्यवस्थाले प्रजिअलाई प्रदेशले सञ्चालन गर्न सक्ने देखिदैन ।
- यस विधेयकमा प्रमुख जिल्ला अधिकारीलाई केन्द्र सरकारको पूर्ण अधिनस्थ राख्ने प्रस्ताव संघीयताको भावना विरुद्ध भएको भनि विभिन्न प्रदेशका पदाधिकारीहरुबाट टिप्पणी भएको छ ।[७]

---

[७] Internal Affairs and Law Minister of Province 3 Shalikram Jamkattel told *THT* that the bill intended to give CDOs the powers they enjoyed under the unitary system which was not in conformity with federalism. “This bill and police bill can create conflict between the federal and provincial governments,” he said, adding that it was the provincial governments’ jurisdiction to run the administration in districts.“The federal government can keep CDOs in districts as its representatives, but the governing powers should remain with provinces,” he said. “The bill puts a question mark on the federal government’s commitment to federalism. What will happen if provincial governments open their own district administration offices?”

(source: https://thehimalayantimes.com/kathmandu/bill-giving-sweeping-powers-to-cdos-tabled/, visited on 5/21/2020)

यसबाट भविष्यमा केन्द्र-प्रदेश असमझदारी बढ्ने संभावना देखिन्छ ।

- शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा प्रजिअ नेपाल सरकारको गृहमन्त्रालयप्रति मुल जवाफदेही हुने प्रावधानलाई नेपालको संविधानको धारा १६२ विपरीत भएको भनि टिप्पणी भएको छ ।[८] संविधानको धारा १६२ को उपधारा (२) मा भएको व्यवस्था यस प्रकार छ :

  "यो संविधान र अन्य कानूनको अधीनमा रही ***प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा*** प्रदेश मन्त्रिपरिषदमा रहनेछ ।" संवैधानिक प्रावधानलाई मध्यनजर गर्दा प्रदेश आफैंले शासन व्यवस्था सञ्चालन गर्ने हो भने प्रजिअको जवाफदेहीता प्रदेशमा हुने व्यवस्था उपयुक्त हुनु पर्ने हो ।
- संघीयताको सिद्धान्त (सन्निकटताको सिद्धान्त) अनुसार पनि कुनै पनि कामको विनियोजन गर्दा सबैभन्दा पहिले तल्लो तहका सरकारलाई सुम्पनु पर्ने र उसले गर्न नसक्ने भएमा मात्र त्यस्तो कामको जिम्मेवारी सो भन्दा माथिल्लो तहको सरकारले लिनुपर्ने

---

[८] Advocate General of Province 2 Dipendra Jha said powers given by the bill to CDOs were against Article 162 of the constitution that gave provincial governments the power to run provincial administration. "This bill is another example of federal government's intent to run a parallel government in provinces and treat provinces as development units." (source: https://thehimalayantimes.com/kathmandu/bill-giving-sweeping-powers-to-cdos-tabled/, visited on 5/21/2020)

भनिन्छ ।[९] यस सिद्धान्तलाई पुनर्पुष्टि गर्दै गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री श्री पृथ्वीसुव्वा गुरुङ्ले कोरोना भाईरस ( कोभिड-१९) बाट उत्पन्न महासंकटका समयमा नेपाल सरकारका गृहमन्त्रीले गर्न कठिन हुने काम आफुबाट भएकोले प्रजिअलाई प्रदेश मातहत राख्नुपर्ने सान्दर्भिक विचार व्यक्त गरेका छन् । *(हेर्नुहोस बक्स)*

‘[illegible]’[१०]

[illegible]

[illegible]

---

[९] [illegible] (https://www.opmcm.gov.np/federalism-admin/,) पेज नं. ८

[१०] https://www.onlinekhabar.com/2020/04/851908

## ५.२ अन्य कानूनहरुसँग सामान्जस्यता

यस विधेयकमा उल्लेख भएका कतिपय व्यवस्थाहरुको लागू भईरहेका अन्य कानून वा नेपाल सरकारले संसदमा पेश गरेको विधेयकहरुको व्यवस्थासँग सामञ्जस्यता कायम भएको छैन । त्यस्ता केही प्रावधानहरु निम्न बमोजिम रहेका छन् :-

- प्रमुख जिल्ला अधिकारीले कर्फ्यू लगाउन सक्छन् र कर्फ्यू आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले तीन महिनासम्म कैद वा दश हजार रुपैयासम्म जरिबाना वा दुवै सजाय गर्न सक्ने प्रस्ताव छ तर **अपराध संहिताको** दफा ६९ मा ***जानीजानी*** कर्फ्यू उल्लङ्घन भएमा मात्र सजाय गरिने व्यवस्था छ । कर्फ्यू उल्लङ्घन भएमा हुनसक्ने सजायलाई हेर्दा संहितामा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । संहितामा भएको व्यवस्था भन्दा यस विधेयकमा सजाय घटाउनु पर्ने कारण र औचित्य स्पष्ट हुनु पर्दछ ।
- प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड विपरित कसैले ध्वनी प्रदुषण हुने गरी लाउड स्पिकर, साउण्ड सिस्टम लगायतका विद्युतीय सामग्री प्रयोग गरी अन्य व्यक्तिलाई असर पर्ने कार्य गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो कार्य तत्काल रोक्न लगाई प्रयोग भएका सामाग्री जफत गर्न वा दश हजार रुपैयाँसम्म जरिबाना गर्न वा दुवै सजाय गर्न सक्ने व्यवस्था मुलुकी **अपराध संहिताको** दफा १२४ मा भएको व्यवस्था भन्दा भिन्न छ ।[११] अपराध संहितामा पच्चीस हजार रुपैयाँसम्म

[११] मुलुकी अपराध संहिता, दफा १२४ : सार्वजनिक उपद्रयाईं गर्न नहुने : (१) कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कसैले कुनै काम गरी वा कानून

जरीवाना हुनेमा यो विधेयकमा घटाउने (दश हजार मात्र) प्रस्ताव गर्नुको कारण र आचित्य खुलाउनुपर्ने हुन्छ ।

- मानसिक सन्तुलन गुमाएको व्यक्तिलाई नियन्त्रणमा नराख्दा निजको सुरक्षा वा सार्वजनिक शान्ति सुरक्षामा खतरा उत्पन्न हुने कुरा सुरक्षाको विषय भएकोले प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई नियन्त्रणमा लिन सक्ने व्यवस्था उपयुक्त भएपनि उनीहरुलाई आवश्यकता अनुसार उपचारका लागि नजिकको स्वास्थ्य संस्थामा वा पुनर्स्थापना केन्द्रमा पठाउने व्यवस्था **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्न आउँछ ।
- प्रमुख जिल्ला अधिकारलाई दिइएको जिल्लाभित्र सञ्चालन भई रहेका र हुने विकास कार्यहरुको समन्वय, सहयोग र सहजिकरण गर्ने अधिकार **स्थानीय सरकार सञ्चालन ऐनको** दफा ९२ बमोजिम जिल्ला सभा (जिल्ला समन्वय समितीलाई पनि छ । यसबाट एउटै काममा दुईवटा निकाय संलग्न हुनु पर्ने भई कार्यमा दोहोरोपना हुने संभावना छ ।
- नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ३ मा नेपाल प्रहरीको काम कर्तव्य र अधिकारको व्यवस्था छ जसमा नेपाल प्रहरीले प्रदेश सरकारले तोके बमोजिम कार्य गर्ने भनि उल्लेख भएको छैन । यस विधेयकको दफा ७ को उपदफा (५) मा "प्रदेश प्रहरी प्रमुखको रुपमा खटिएको प्रहरी कर्मचारीलाई नेपाल सरकारले सम्बन्धित् प्रदेश सरकारको समन्वयमा अन्य प्रदेशमा वा नेपाल प्रहरी अन्तर्गतको कुनै निकायमा सरुवा गर्न सक्नेछ " भएको व्यवस्थाले प्रदेश प्रहरी पनि नेपाल सरकारको नियन्त्रणमा रहने

---

बमोजिम गर्नु पर्ने कुनै काम नगरी छरछिमेक वा सर्वसाधारणलाई कुनै प्रकारको हानि, नोक्सानी, क्षति वा खतरा पुऱ्याउन वा झिझ्याहट गर्न हुँदैन । (२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

देखिन्छ । यसबाट पनि शान्ति सुरक्षा कायम गर्ने प्रदेशको अधिकारमाथि हस्तक्षेप भएको छ ।

- नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ११ मा नेपाल प्रहरीको परिचालन र सुपरिवेक्षण नेपाल सरकारले गर्ने व्यवस्था गरिएको, दफा १२ को उपदफा (८) मा "शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा नेपाल प्रहरी र प्रदेश प्रहरी संयुक्त रुपमा परिचालन भएको अवस्थामा प्रदेश प्रहरीले नेपाल प्रहरीको प्रत्यक्ष नियन्त्रणमा रही कार्य गर्नु पर्नेछ" भनि व्यवस्था गरिएकोले घुमाउरो बाटोबाट प्रदेश प्रहरी पनि नेपाल सरकारको मातहतमा राख्न खोजिएको छ । यसबाट पनि शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा प्रदेशले आवश्यकता परेको खण्डमा अन्तिम निर्णय लिन सक्ने अवस्था हुँदैन ।
- शान्ति र सुरक्षा कायम गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को दफा १९ मा  प्रदेश प्रहरी परिचालन गर्ने सिलसिलामा प्रमुख जिल्ला अधिकारीले प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयसँग समन्वय गर्नु पर्नेछ भन्ने व्यवस्था छ । तर प्रदेश नं. १ को प्रदेश प्रहरी ऐनको दफा ५ को उपदफा (५) मा प्रमुख जिल्ला अधिकारीले जिल्लामा शान्ति सुरक्षा कायम गर्न जिल्लाको प्रदेश प्रहरीलाई परिचालन गर्न सक्ने तर त्यसरी प्रहरी परिचालन गर्दा प्रदेशको सम्बन्धित् मन्त्रालयको निर्देशन बमोजिम गर्नु पर्ने व्यवस्था छ । यस प्रकारको व्यवस्था बागमती प्रदेशको प्रहरी ऐनमा पनि छ । यसरी प्रहरी सम्बन्धी संघीय विधेयक र  प्रदेश कानून बाझिएको देखिन्छ ।
- यस विधेयकको दफा २२ मा प्रजिअको अन्य काम, कर्तव्य र अधिकार अन्तर्गत "जिल्लाभित्र सञ्चालन भई रहेका र हुने विकास कार्यहरुको समन्वय, सहयोग र सहजिकरण गर्ने, जिल्लाभित्रका कार्यालयहरुबाट प्रवाह हुने सार्वजनिक सेवाको निरीक्षण तथा अनुगमन गर्ने" समेत रहेको छ । अर्कोतिर संघ,

प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २६ मा जिल्ला समन्वय समितिले " संघ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्बन्धी कार्य र जिल्लामा रहने संघीय, प्रदेश र स्थानीय सरकारी कार्यालयबा सम्पादन हुने कार्यका विषयमा समन्वय गर्ने " व्यवस्था रहेको छ । विधेयकको व्यवस्था र संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को व्यवस्थाले एउटै प्रकृतिको कार्यमा दुईवटा निकायलाई जिम्मेवारी दिइएको देखिन्छ ।

### ५.३ मानव अधिकारका सवाल

यस विधेयकले प्रमुख जिल्ला अधिकारीलाई नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार र विकासको अधिकार अर्थात् तिनै पुस्ताको अधिकार (Three Generations of Human Rights) संरक्षण र सम्वर्द्धनको जिम्मेवारी दिएको छ । शान्ति, सुरक्षा र सुव्यवस्थाको प्रबन्ध मिलाउने, कुनै व्यक्ति वा समुदायबाट हिंसात्मक कार्य हुन नदिने, मेला, जात्रा, पर्व तथा सामुहिक भेला हुने कार्यक्रममा सुरक्षाको प्रबन्ध मिलाउने, कुनै व्यक्तिबाट अन्य व्यक्तिको मानव अधिकारमा असर पर्ने कार्य गर्न नदिने, मानसिक सन्तुलन गुमाएको व्यक्तिको उद्धार र उपचार गर्ने, विकास कार्यहरुको समन्वय, सहयोग र सहजिकरण गर्ने, सुशासन कायम गर्ने जस्ता प्रजिअलाई दिइएको अधिकारहरुको उचित कार्यान्वयन भएमा मानव अधिकार संरक्षणमा योगदान पुग्न सक्नेछ । तथापी, विधेयकमा भएका कतिपय प्रावधानहरुले व्यक्तिको जीवनको अधिकार हनन् हुन सक्ने भएकोले त्यस्ता प्रावधानलाई विगतको अनुभवका आधारमा मिलाउनु पर्ने देखिन्छ ।

कफ्र्यु लगाइएको अवस्था वा दंगाग्रस्त क्षेत्र घोषणा गरिएको अवस्थामा सुरक्षाकर्मिले गोली चलाउन सक्ने प्रावधानको प्रयोगले

जीवनको अधिकार हनन् गरेको भनि विगतमा अत्यन्त धेरै आलोचना भएको थियो ।[१२]

यस विधेयकमा रहेको प्रजिअले निशेधाज्ञा जारी गर्ने, बल प्रयोग गर्न सक्ने, कफ्र्यु लगाउने र दंगाग्रस्त क्षेत्र घोषणा गर्ने सम्बन्धी व्यवस्था निम्न बमोजिम प्रस्ताव गरिएको छ : -

**दफा १६ : निषेधाज्ञा जारी गर्न सक्ने**

(१) कसैले कुनै काम गर्दा वा केही वस्तु राख्दा वा हटाउँदा हुलदङ्गा भई शान्ति सुरक्षा भङ्ग हुने वा सार्वजनिक आवागमनमा बाधा अवरोध पार्ने वा समुदायको हित विपरित हुने वा जनस्वास्थ्य वा वातावरणमा प्रतिकूल असर पर्ने सम्भावना भएमा प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिमको आदेश दिन सक्नेछ :-

(क) कसैलाई कुनै काम गर्न दिनबाट निषेध गर्ने ।

(५) कुनै ठाउँमा हुलदङ्गा वा अशान्ति भएमा वा हुनसक्ने पर्याप्त आधार भएमा सो परिस्थितिलाई दृष्टिगत गरी प्रमुख जिल्ला अधिकारीले क्षेत्र र समय तोकी सो क्षेत्र र समयमा हुलदङ्गा वा अशान्ति गर्ने उद्देश्यले मानिस जम्मा हुन नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

माथि उल्लेखित व्यवस्थाहरु स्थानीय प्रशासन ऐन, २०२८ को ( यसलाई खारेज गर्न प्रस्ताव गरिएको छ ) परिमार्जित व्यवस्था हुन् ।[१३]

---

[१२] OHCHR witnessed shots being fired at fleeing demonstrators who no longer posed a threat, deliberate beatings of demonstrators as well as police throwing stones and rocks back at demonstrators. It repeatedly called on security forces to exercise restraint and use only minimum force. (Cited form United Nations Office of the High Commissioner for Human Rights in Nepal, *The April Protests Democratic Rights and the Excessive Use of Force* , September 2006, p 13-14)

निशेधाज्ञा सम्बन्धी यो व्यवस्थाको कार्यान्वयनका सन्दर्भमा केही वर्षअघि मोरङ्को रंगेली र सप्तरीको मलेठमा तत्कालीन नेकपा (एमाले) र सो समयमा आन्दोलनरत् संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले एकै समयमा एकै स्थानमा सभा र विरोध प्रदर्शन आयोजना गर्दा उत्पन्न भएको हिंसात्मक अवस्था र त्यसपछि भएको प्रहरी कारवाहीमा आठजना व्यक्तिको मृत्यु भएको घटनालाई समिक्षा गर्नु पर्ने हुन्छ ।

उल्लेखित दुवै स्थानमा प्रमुख जिल्ला अधिकारीले किन निशेधाज्ञा जारी गर्न सकेनन् ? यस सम्बन्धमा मलेठ घटनाको अध्ययन गर्न राष्ट्रिय मानव अधिकार आयोगबाट गठित समिति संगको कुराकानीमा "हामीले राजनैतिक दललाई कुनै खास दिन वा स्थानमा सभा गर्न बाट रोक्न मिल्दैन सो व्यहोराको सुझाव, सल्लाह सम्म दिने हो नमानेमा सुरक्षाको प्रवन्ध गर्नैपर्ने हुन्छ" भनि प्रमुख जिल्ला अधिकारीबाट व्यक्त भएको बिचारलाई मनन् गर्नुपर्ने देखिन्छ ।[१४]

उक्त समितिले "स्थानीय प्रशासन ऐन, २०२८ हेर्दा कुनै राजनैतिक दलले भविष्यमा गर्ने भनिएको कुनै सभा, जुलूस वा शैली नगर्नु भनी

---

[१३] स्थानीय प्रशासन ऐन, २०२८ का दफा ६(३) : कसैले कुनै काम गर्न लाग्दा वा कहीं केही वस्तु रहँदा वा कसैले राख्दा हुलदङ्गा भई शान्ति सुरक्षा भंग हुने वा कसैलाई बाधा विरोध पर्ने वा जनस्वास्थ्यलाई खराब असर पर्ने सम्भावना भएमा ... ... ... प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिमको आदेश दिन सक्नेछ र सो आदेश एक पटकमा दुई महीनाभन्दा बढी अवधिको हुने छैन ।

(क) कसैलाई कुनै काम गर्न दिनबाट निषेध गर्ने,

(ख) कुनै वस्तु वा सम्पत्तिको मालिक वा व्यवस्थापक वा प्रमुखलाई सो वस्तु वा सम्पत्ति सो ठाउँबाट हटाउन आदेश दिने वा सो ठाउँमा कुनै काम गर्न निषेध गर्ने ।

[१४] राष्ट्रिय मानव अधिकार आयोग, सप्तरी जिल्लाको मलेठमा २०७३।११।२३ मा सुरक्षाकर्मीको गोली लागी ५ जना व्यक्तिहरुको मृत्यु भएको र कयौं व्यक्तिहरु घाइते भएको भन्ने घटनाको
छानविन प्रतिवेदन, २०७४, पेज ५९ ।

निषेध गर्न सक्ने स्पस्ट अधिकार स्थानीय प्रशासनलाई प्रदान गरेको देखिदैन । अपितु भईरहेको त्यस्तो प्रदर्शनबाट शान्ति सुरक्षामा खलल पर्न नदिनेतर्फ कारवाही गर्नुपर्ने सम्म देखिन्छ । यसर्थ स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा (१) मा खण्ड (१ ख) थप गरी "कुनै राजनैतिक दलले कुनै खास दिन र स्थानमा आयोजना गर्न लागेको सभा, जुलुश वा र्‍याली वा अन्य कार्यक्रमबाट शान्ति सुरक्षा, व्यबस्था र सामाजिक वा साम्प्रदायीक सद्भावमा गंभीर असर पर्ने देखिएमा जिल्ला सुरक्षा समितिको सल्लाहमा प्रमुख जिल्ला अधिकारी आफैले त्यस्तो सभा, जुलुश, र्‍याली वा अन्य कार्यक्रम गर्नबाट लिखित आदेश जारी गरी रोक्न सक्नेछ । त्यस्तो आदेशको जानकारी कम्तीमा २४ घण्टा अगावै सम्बन्धित राजनैतिक दल, क्षेत्रिय प्रशासन कार्यालय र गृह मन्त्रालयलाई दिनु पर्नेछ " भन्ने स्पष्ट कानूनी व्यवस्था गर्न गराउन नेपाल सरकारले तत्काल पहल गर्नु जरुरी देखिन्छ ।" भनि दिएको सुझावलाई यस विधेयकको अंग बनाउनु पर्ने देखिन्छ ।

**दफा १४ : शान्ति सुरक्षा कायम गर्न बल प्रयोग गर्न सक्ने** : (१) कुनै हिंसात्मक काम कारबाही वा हुलदङ्गा हुने आशङ्का भएमा त्यस्तो कार्यलाई रोक्न प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिम बल प्रयोग गर्न सक्नेछ :-

- सुरक्षाकर्मी परिचालन गर्दा समेत स्थिति नियन्त्रणमा नआएमा सुरक्षाकर्मीको मद्दतले पानीको फोहरा, लाठी चार्ज, अश्रुग्याँस, हवाई फायर वा आवश्यकता र परिस्थिति अनुसार जो गर्नु पर्ने बल प्रयोग गरी शान्ति कायम गर्ने,
- शान्ति कायम गर्न नसकिने देखिएमा र गोली चलाउनु पर्ने आवश्यकता परेमा प्रमुख जिल्ला अधिकारीले सो गर्नु भन्दा अगाडि भीडलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग सो भीडले बुझ्ने गरी चेतावनी दिन लगाउने र

त्यति गर्दा पनि भीड हटेन र गोली चलाउनु पर्ने नै भयो भने मात्र ***घुँडा मुनि गोली चलाउनको निमित्त***[१५] आदेश लेखी सही गरीदिनु पर्ने,

**दफा १७ : कर्फ्यु लगाउन सक्ने** : (१) कुनै ठाउँमा आन्दोलन वा हुलदंगा भई शान्ति सुरक्षा भङ्ग हुन जाने देखिएमा परिस्थितिको विचार गरी प्रमुख जिल्ला अधिकारीले सिमाना तोकी सो ठाउँमा कसैलाई आवत जावत गर्न, भेला हुन र निजले तोकेको अरु कुनै काम गर्न नपाउने गरी कफ्र्यू आदेश जारी गर्न सक्नेछ ।

(४) कफ्र्यू आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई सो स्थानमा खटिएको सुरक्षाकर्मीले गिरफ्तार गरी तुरुन्त प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नु पर्नेछ । त्यसरी गिरफ्तार गरिएका व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले तीन महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय गर्न सक्नेछ ।

(५) कफ्र्यू आदेश दिँदा प्रमुख जिल्ला अधिकारीले कफ्र्यूको स्थितिलाई नियन्त्रणमा राख्न कफ्र्यू तोड्ने व्यक्ति वा जमातलाई गोली चलाउन सक्ने गरी सो स्थानमा खटिएको सुरक्षाकर्मीलाई आदेश दिन सक्नेछ ।

---

[१५] "धेरै घटनाहरु हेर्दा बल प्रयोग गर्दा आवश्यक परे घुँडा मुनि गोली हान्ने कानूनी व्यवस्था भएपनि व्यवहारमा त्यसको पालन भएको पाईंदैन । त्यसकारण यसतर्फ बढी सजग हुनु आवश्यक छ ।" श्रोत: राष्ट्रिय मानव अधिकार आयोग, सप्तरी जिल्लाको मलेठमा २०७३।११।२३ मा सुरक्षाकर्मीको गोली लागी ५ जना व्यक्तिहरुको मृत्यु भएको र कयौं व्यक्तिहरु घाइते भएको भन्ने घटनाको छानविन प्रतिवेदन, २०७४, पेज ६२ ।

(६) उपदफा (५) बमोजिम गोली चलाउनु पर्ने स्थिति सृजना भएकोमा गोली चलाउनु अगाडि कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई सो ठाउँमा खटिएको सुरक्षाकर्मीले परिस्थिति अनुसार लाठी चार्ज, अश्रुग्यास, फोहरा वा हवाई फायर गर्नु पर्नेछ र त्यति गर्दा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमात हटेन भने त्यस्तो व्यक्ति वा जमातलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग बुझिने गरी चेतावनी दिनु पर्नेछ । त्यसरी चेतावनी दिँदा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमात हटेन भने सुरक्षाकर्मीले गोली चलाउन सक्नेछ ।

तर यस उपदफामा लेखिएको कुनै कुराले पनि हिंसात्मक प्रवृत्ति देखाई कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई ***देख्नेवित्तिकै गोली हान्न*** प्रमुख जिल्ला अधिकारीले आदेश दिन बाधा पुऱ्याएको मानिने छैन ।

**दफा १८ : दङ्गाग्रस्त क्षेत्र घोषणा गर्न सक्ने** : (१) कुनै क्षेत्रमा जुलुस, भीड वा सङ्गठित समूहले हातहतियार लिई वा नलिई लुटपिट गर्ने, घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने जस्ता हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने स्थिति देखिएमा र यसको रोकथाम सामान्य प्रहरी कारबाहीद्वारा हुन सक्दैन भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले उक्त क्षेत्रलाई दङ्गाग्रस्त घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दङ्गाग्रस्त क्षेत्र घोषणा गरेपछि सो क्षेत्रको शान्ति सुव्यवस्था कायम गर्न प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिमको कुनै वा सबै कारबाही गर्न सक्नेछ :-

(क) त्यस्तो क्षेत्रमा शङ्कास्पद व्यक्तिहरुलाई ***तत्काल पक्राउ पूर्जी जारी गरी पक्राउ गर्ने*** र प्रचलित कानून बमोजिम नजरबन्दमा राख्ने,

(ख) त्यस्तो क्षेत्रमा लुटपाट गर्ने तथा घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने वा अन्य किसिमका

हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने व्यक्तिलाई ***देख्ने वित्तिकै गोली प्रहार गर्न सक्ने*** गरी आदेश दिने,

(ग) त्यस्तो क्षेत्रमा कुनै प्रकारको भेला, जुलुस, सभा, बैठक वा प्रदर्शन वा पोष्टर, पर्चा जस्ता प्रचार सामग्री टाँस्न वा लेख्न र सामाजिक सञ्जाल लगायत अन्य विद्युतीय सञ्चार माध्यमबाट उत्तेजना, विद्धेष तथा घृणा फैलाउने गरी हुने प्रकाशन तथा प्रसारण निषेध गर्ने ।

**टिप्पणी :**

प्रमुख जिल्ला अधिकारीले जारी गरेको कफ्र्यू आदेशको उल्लङ्घन गर्ने मनसाय नहुँदा नहुँदै कुनै व्यक्तिबाट सो आदेशको उल्लङ्घन हुन गयो भने सजाय गर्न मिल्ने हो, होइन ? त्यसकारण यसमा अपराध संहितामा उल्लेख भएकोजस्तै ***जानीजानी कफ्र्यू उल्लङ्घन गरेमा*** *मात्र सजाय गरिने व्यवस्था राखिनु पर्छ ।* अर्थात् *कफ्र्यू उल्लङ्घन गर्ने मनसाय थिएन तर घर बाहिर निस्कनु पर्ने बाध्यता रहेछ भने सजाय गर्नु उपयुक्त होइन ।*

विगतमा कफ्र्युको समयमा व्यक्तिहरुलाई स्वास्थ्य उपचार पाउने अधिकारबाट वञ्चित गरिएको, एम्बुलेन्सको आवागमनमा अवरोध गरिएको अनुभव छ ।[१६] यस विधेयकमा सो सम्बन्धमा कुनै स्पष्टता छैन ।

विधेयकको दफा १४ को उपदफा (१) को खण्ड (ङ) मा शान्ति कायम गर्नको लागि गोली चलाउनु पर्ने नै भयो भने प्रमुख जिल्ला अधिकारीले

---

[१६] OHCHR documented a number of instances during the April protests where the authorities not only failed to provide necessary medical assistance to those injured but impeded access to treatment, including beating up medical personnel. (Cited form United Nations Office of the High Commissioner for Human Rights in Nepal, *The April Protests Democratic Rights and the Excessive Use of Force* , September 2006, p 20)

घुँडा मुनि गोली चलाउनको निमित्त आदेश लेखी सही गरीदिनु पर्ने व्यवस्था छ तर त्यस पछिको जवाफदेहीता सम्बन्धमा कुनै उल्लेख छैन ।[१७] विगतका कतिपय आन्दोलनहरुमा भएका अधिकांश घटनाहरू हेर्दा सुरक्षाकर्मीहरूका तर्फबाट मारिएका व्यक्तिहरूलाई छाती, टाउको, कोखा तथा घुँडा भन्दामाथि गोली लागेको थियो ।[१८] त्यस्ता घटना पूनरावृत्ति नहुने र व्यक्तिको बाँच्न पाउने अधिकारको रक्षा हुने कुरा विधेयकले सुनिश्चित गर्नु पर्ने देखिन्छ ।

---

[१७] The UN Basic Principles on the Use of Force and Firearms by Law Enforcement Officials contains a series of provisions requiring accountability to be addressed. They require that:

· there should be a system of reporting whenever law enforcement officials use firearms in the performance of their duty. If the use of force results in injury or death, law enforcement officials must promptly send a detailed report of the incident to their superiors.

· When there is evidence that excessive force has been used by law enforcement officials, it is the obligation of governments and civil law enforcement agencies to ensure that an effective review process is available, and that the appropriate administrative or prosecutorial authority exercises jurisdiction to investigate the allegations.

· In cases of death and serious injury or other grave consequences, a detailed report should
be sent promptly to the competent authorities responsible for administrative review and judicial control. (Source: United Nations Office of the High Commissioner for Human Rights in Nepal, *The April Protests Democratic Rights and the Excessive Use of Force* , September 2006, p 21)

[१८] राष्ट्रिय मानव अधिकार आयोग, नेपाल, *नेपालको संविधान घोषणा अघि र पछि भएका आन्दोलनको क्रममा मानव अधिकार अवस्था अनुगमन प्रतिवेदन*, २०७२ कार्तिक, पेज १९

कर्फ्यू आदेश दिँदा प्रमुख जिल्ला अधिकारीले कर्फ्यूको स्थितिलाई नियन्त्रणमा राख्न कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई गोली चलाउन सक्ने गरी सो स्थानमा खटिएको सुरक्षाकर्मीलाई आदेश दिन सक्ने व्यवस्था छ तर गोली चलाइए पछि विस्तृत प्रतिवेदन कसले कहाँ दिनु पर्ने हो, उल्लेख छैन ।
राष्ट्रिय मानव अधिकार आयोगका अनुसार घटनाको र त्यसको परिणामको एवम् घटनाको सुरक्षार्थ प्रयोग भएको बन्दूक (Fire arm) को सही विवरण युक्त प्रतिवेदन पनि प्रायः दिने गरिएको पाईंदैन । यसर्थ घटनाको र घटनामा प्रयोग भएका गोलीको वास्तविक विवरण सहितको लिखित प्रतिवेदन दिनु, राख्नु आवश्यक छ ।[१९]

**दङ्गाग्रस्त क्षेत्र घोषणा गरेपछि** शङ्कास्पद व्यक्तिहरुलाई ***तत्काल पक्राउ पूर्जी जारी गरी पक्राउ गर्ने*** र नजरबन्दमा राख्ने, व्यक्तिलाई ***देख्ने वित्तिकै गोली प्रहार गर्न सक्ने*** गरी आदेश दिने, त्यस्तो क्षेत्रमा कुनै प्रकारको भेला, जुलुस, सभा, बैठक वा प्रदर्शन वा पोष्टर, पर्चा जस्ता प्रचार सामग्री टाँस्न वा लेख्न र सामाजिक सञ्जाल लगायत अन्य विद्युतीय सञ्चार माध्यमबाट उत्तेजना, विद्वेष तथा घृणा फैलाउने गरी हुने प्रकाशन तथा प्रसारण निषेध गर्ने आदि व्यवस्था मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुसार हुने प्रत्याभूति गरिएको छैन ।[२०]

**६. निष्कर्ष**

---

[१९] ऐ. पृष्ठ ६२

[२०] सरकारबाट आन्दोलनकारीको आशङ्कामा सडकमा हिंडिरहेका सर्वसाधारणहरूलाई समेत पक्राऊ गर्ने, कुटपीट गर्नेजस्ता कार्यहरू भएको कुरा विगतका प्रतिवेदनहरुले पुष्टि गर्दछन् ।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहलाई प्रदान गरेको अधिकारहरु, विधेयकको व्यवस्थाहरुले आकर्षित हुने मानव अधिकारका विभिन्न सवालहरु एवं यस विधेयकको अन्य कानूनहरुसँगको सामन्जस्यता जस्ता पक्षहरुका आधारमा विश्लेषण गर्दा यसमा धेरै सकारात्मक प्रावधानहरु रहेका छन् । यद्यपी विधेयक संघीयताको पूर्ण कार्यान्वयन तर्फ अग्रसर नभएको, मानव अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय कानून अनुकुल नभएको र हाल प्रचलित कानून र अन्य विधेयकसँग बाझिने वा दोहोरो पर्ने गरी तर्जुमा गरिएको देखिन्छ ।

**७. सुझावहरु**

(क) राष्ट्रिय सुरक्षा समितिलाई प्रदेशसँग प्रत्यक्ष जोड्नका लागि सो समितिमा प्रदेशका आन्तरिक मामिला मन्त्री (गृह प्रशासन हेर्ने) लाई पनि सदस्य राखिनु पर्ने । (दफा ५.१ सम्बन्धित्)

(ख) प्रदेश सुरक्षा समितिमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागको अनिवार्य प्रतिनिधित्व गराउनु पर्ने । (दफा ७ .१ सँग सम्बन्धित्)

(ग) प्रदेशको आन्तरिक सुरक्षा व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम नेपाल प्रहरी, सशस्त्र प्रहरी प्रदेश प्रहरीको परिचालन गर्ने अधिकार दिइनु पर्ने, तर नेपाली सेनाको मद्दत लिनु पर्ने भएमा गृह मन्त्रालय समक्ष अनुरोध गर्नु पर्ने व्यवस्था राखिनु पर्ने । (दफा ८ को खण्ड ख सँग सम्बन्धित्)

(घ) प्रदेश सुरक्षा समितिले असामान्य वा परिस्थितिजन्य सुरक्षा चुनौतीको विश्लेषण गरी आवश्यकता अनुसार नेपाल प्रहरी र शसस्त्र प्रहरी बल समेत परिचालन गरी सुरक्षा व्यवस्था मिलाउने र सो को बारेमा तत्कालै मन्त्रालयलाई जानकारी गराउने व्यवस्था राखिनुपर्ने । (दफा ८ को खण्ड ङ सँग सम्बन्धित्)

(ङ) विपद्का कारण प्रदेशको आन्तरिक सुरक्षा, जनताको स्वास्थ्यमा गम्भीर सङ्कट उत्पन्न हुन सक्ने वा सुरक्षा चुनौती थपिन सक्ने अवस्थामा सोको नियन्त्रणका लागि आवश्यक आवश्यक कारवाहीका उपाय अवलम्वन गर्ने । स्वास्थ्य सम्बन्धी महामारीबाट उत्पन्न भएको विपदको रोकथाम वा नियन्त्रणका लागि केही हदसम्म अन्तर्राष्ट्रिय सीमा नियमन गर्ने अधिकार दिईनु पर्ने । (दफा ८ को खण्ड च सँग सम्बन्धित्)

(च) जिल्ला सुरक्षा समितिले प्रदेश सुरक्षा समितिको नीति, निर्देशन र नियन्त्रणमा रही कार्य गर्ने तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता र राष्ट्रिय सुरक्षाका सम्बन्धमा राष्ट्रिय सुरक्षा समितिको निर्देशनमा कार्य गर्नु पर्ने व्यवस्था राखिनु पर्ने । (दफा १० को खण्ड घ सँग सम्बन्धित्)

(छ) नेपाल सरकारले प्रत्येक जिल्लामा सङ्घीय निजामती सेवाबाट प्रमुख जिल्ला अधिकारी (प्रजिअ) खटाउने छ । निजले जिल्ला भित्रको शान्ति सुरक्षाको मामिलामा

प्रदेश सरकारको मातहतमा रही काम गर्नेछ भन्ने व्यवस्था राखिनु पर्ने । (दफा ११ सँग सम्बन्धित्)

(ज) कफ्र्यू आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई प्रजिअले एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने प्रावधान राखिनु पर्ने । (दफा १७.४ सँग सम्बन्धित्)

(झ) प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड विपरित कसैले ध्वनी प्रदुषण हुने गरी लाउड स्पिकर, साउण्ड सिस्टम लगायतका विद्युतीय सामग्री प्रयोग गरी अन्य व्यक्तिलाई असर पर्ने कार्य गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो कार्य तत्काल रोक्न लगाई प्रयोग भएका सामाग्री जफत गर्न वा पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न वा दुवै सजाय गर्न सक्ने व्यवस्था राखिनु पर्ने । (दफा १३.५ सँग सम्बन्धित्)

(ञ) मानसिक सन्तुलन गुमाएको व्यक्तिलाई नियन्त्रणमा नराख्दा निजको सुरक्षा वा सार्वजनिक शान्ति सुरक्षामा खतरा उत्पन्न हुने कुरा सुरक्षाको विषय भएकोले प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई नियन्त्रणमा लिई उनीहरुलाई आवश्यकता अनुसार उपचारका लागि नजिकको स्वास्थ्य संस्थामा वा पुनर्स्थापना केन्द्रमा पठाउन स्थानीय तहलाई अनुरोध गर्ने व्यवस्था राखिनु पर्ने । (दफा १३.६ सँग सम्बन्धित्)

(ट) विधेयकको दफा २२ को उपदफा (१) को खण्ड (क) हटाउनु उपयुक्त हुने ।

(ठ) प्रमुख जिल्ला अधिकारीलाई प्रदान गर्न लागिएको कतिपय अधिकारहरुले व्यक्तिको जीवनको अधिकार हनन् हुन सक्ने भएकोले त्यस्ता प्रावधानलाई विगतको अनुभवका आधारमा मिलाउनु पर्ने देखिन्छ । यस सम्बन्धमा निम्न बमोजिमका सुझावहरु प्रदान गरिएको छ :-

(१) **दफा १६ मा निषेधाज्ञा जारी गर्न सक्ने व्यवस्था अन्तर्गत्** "कुनै राजनैतिक दलले कुनै खास दिन र स्थानमा आयोजना गर्न लागेको सभा, जुलुश वा र्‍याली वा अन्य कार्यक्रमबाट शान्ति सुरक्षा, व्यबस्था र सामाजिक वा साम्प्रदायीक सद्भावमा गंभीर असर पर्ने देखिएमा जिल्ला सुरक्षा समितिको सल्लाहमा प्रमुख जिल्ला अधिकारी आफैले त्यस्तो सभा, जुलुश, र्‍याली वा अन्य कार्यक्रम गर्न बाट लिखित आदेश जारी गरी रोक्न सक्नेछ । त्यस्तो आदेशको जानकारी कम्तीमा २४ घण्टा अगावै सम्बन्धित राजनैतिक दल, क्षेत्रिय प्रशासन कार्यालय र गृह मन्त्रालयलाई दिनु पर्नेछ " भन्ने व्यवस्था राखिनु पर्ने ।

(२) **दफा १७ मा कर्फ्यु लगाउन सक्ने** व्यवस्था अन्तर्गत् *जानीजानी कर्फ्यू उल्लङ्घन गरेमा मात्र सजाय गरिने व्यवस्था राखिनु पर्ने ।*

कफर्युको समयमा कुनै पनि व्यक्तिहरुलाई स्वास्थ्य उपचार पाउने अधिकारबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था हुनुपर्ने ।

(३) विधेयकको दफा १४ को उपदफा (१) को खण्ड (ङ) मा शान्ति कायम गर्नको लागि गोली चलाउनु पर्ने नै भयो भने प्रमुख जिल्ला अधिकारीले घुँडा मुनि गोली चलाउनको निमित्त आदेश लेखी सही गरि दिनु पर्ने भन्ने व्यवस्था पछि *गोली चलाईएको भए तुरुन्त विस्तृत प्रतिवेदन बुझाउनु पर्ने* प्रावधान राखिनु पर्ने । *घुँडा भन्दा माथि गोली लागेको सबै घटनाको नेपाल सरकारद्वारा स्वतन्त्र छानवीन समितिबाट छानवीन हुनेछ* भनि थप गरिनु पर्ने ।

(४) कफर्यू आदेश दिँदा प्रमुख जिल्ला अधिकारीले कफर्यूको स्थितिलाई नियन्त्रणमा राख्न कफर्यू तोड्ने व्यक्ति वा जमातलाई गोली चलाउन सक्ने गरी सो स्थानमा खटिएको सुरक्षाकर्मीलाई आदेश दिन सक्ने व्यवस्था पछि *सो घटनाको र घटनामा प्रयोग भएका गोलीको वास्तविक विवरण सहितको लिखित प्रतिवेदन पेश गर्नु पर्नेछ* भन्ने प्रावधान थप गरिनु पर्ने ।

(५) **दङ्गाग्रस्त क्षेत्र घोषणा गरेपछि** शङ्कास्पद व्यक्तिहरुलाई ***तत्काल पक्राउ पूर्जी जारी गरी पक्राउ गर्ने*** र नजरबन्दमा राख्ने, व्यक्तिलाई ***देख्ने वित्तिकै गोली प्रहार गर्न सक्ने*** गरी आदेश दिने, त्यस्तो क्षेत्रमा कुनै प्रकारको भेला, जुलुस, सभा, बैठक वा प्रदर्शन वा पोष्टर, पर्चा जस्ता प्रचार सामग्री टाँस्न वा लेख्न र सामाजिक सञ्जाल लगायत अन्य विद्युतीय सञ्चार माध्यमबाट उत्तेजना, विद्धेष तथा घृणा फैलाउने गरी हुने प्रकाशन तथा प्रसारण निषेध गर्ने व्यवस्थालाई मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनाईनु पर्ने ।

(ड) नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ३ र दफा ११ लाई शान्ति र सुरक्षा कायम गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकसँग सामन्जस्यता हुने गरी मिलाउनु पर्ने देखिन्छ ।

(ढ) यस विधेयकलाई संसदबाट पारीत गर्दा प्रदेश नं. १ र बागमती प्रदेश समेतका प्रदेशहरुले पारीत गरेका प्रदेश प्रहरी ऐनका व्यवस्थासँग सामन्जस्यता कायम गराईनु पर्ने देखिन्छ ।

(ण) यस विधेयकको दफा २२ मा रहेको प्रजिअको अन्य काम, कर्तव्य र अधिकारलाई संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को

दफा २६ सँग मिलाई एउटै कार्यमा दुईवटा निकायको जिम्मेवारीलाई मिलाउनु पर्ने देखिन्छ ।